का.जि.प्र.का.द.नं. १००/०५९/६०
१ फागुन २०७९,
सोमबार
13 February 2023,
Monday
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २१, अंक १९ । पृष्ठ १२
Madhyanha National Daily
www.madhyanhadaily.com



# प्रचण्डले देखाएको आत्मविश्वास

माओवादी सशस्त्र युद्ध छाडेर शान्तिपूर्ण राजनीतिमा आएको १६ वर्षपछि संघीय सरकारले जनयुद्ध दिवस मनाउने निर्णय गरेको छ । यसलाई माओवादी अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्डमा देखा परेको आत्मविश्वासको रुपमा अर्थ्याउन सकिन्छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २९ माघ ।

आज फागुन १ गते अर्थात्, जनयुद्ध दिवस । यसअघि माओवादीहरुले मात्रै मनाउँदै आएको जनयुद्ध दिवसलाई यसवर्षदेखि संघीय सरकारले सरकारी दिवसकै रुपमा मान्यता दिएको छ र सार्वजनिक बिदा दिने निर्णय लिएको छ । आइतबार बसेको मन्त्रिपरिषद् बैठकले जनयुद्ध दिवसको सन्दर्भमा देशभर सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।

२०५२ फागुन १ गतेबाट शुरू भएको सशस्त्र युद्ध २०६३ मंसिर ५ गते विस्तृत शान्ति सम्झौतामा रूपान्तरण भएको थियो । त्यही युद्धको जगमा नेपालमा राजनीतिक परिवर्तन सम्भव भएको थियो भने गणतन्त्र, संघीय प्रणाली, समावेशी लोकतन्त्र, सामाजिक न्यायजस्ता उपलब्धि सशस्त्र युद्ध र जनआन्दोलनको बलमा नै स्थापित भएका थिए । सो सशस्त्र युद्धको नेतृत्वकर्ता पार्टी नेकपा माओवादी केन्द्रले प्रत्येक वर्ष फागुन १ गतेलाई जनयुद्ध दिवसको रूपमा मनाउँदै आएको थियो । यसपटकबाट भने संघीय सरकारले सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।

गणतन्त्र र नयाँ जनवादीसत्ता स्थापनाको लक्ष्यसहित प्रचण्ड नेतृत्वको तत्कालीन माओवादीले २०५२ साल फागुन १ गतेदेखि सशस्त्र युद्ध शुरु गरेको थियो । यही दिनको सम्झनामा आज माओवादीहरुले २९ औं जनयुद्ध दिवस मनाउँदै छन् ।

माओवादी सशस्त्र युद्ध छाडेर शान्तिपूर्ण राजनीतिमा आएको १६ वर्षपछि संघीय सरकारले जनयुद्ध दिवस मनाउने निर्णय गरेको छ । यसलाई माओवादी अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डमा देखापरेको आत्मविश्वासको रुपमा अर्थ्याउन सकिन्छ । किनभने शान्ति प्रक्रियामा आएपछि भएको पहिलो चुनाव ०६४ मा माओवादी पहिलो पार्टी भएको थियो । त्यसबेला समेत माओवादीले जनयुद्ध दिवसलाई सरकारी स्तरबाटै मान्यता दिलाउन सकेको थिएन । यसबीचमा माओवादी पटक पटक सरकारमा गएको छ । प्रचण्ड नै तेस्रो पटक प्रधानमन्त्री भएका हुन् । माओवादीमै रहँदा बाबुराम भट्टराई नेतृत्वमा सरकार बनेको थियो । त्यसबेला समेत जनयुद्ध दिवसले सरकारी मान्यता पाउन सकेको थिएन । यसपटक माओवादी आम चुनावमा कमजोर भएको छ । पार्टी कमजोर भएपनि प्रचण्डले आफ्नो नेतृत्वमा सरकार बनाएका छन् । उनी नेतृत्वको सरकारमा गणतन्त्र र संघीयता नै नमान्ने

– बाँकी पृष्ठ २ मा

सामाजिक सञ्जाल प्रयोगमा सचेतता अपनाऔं

- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिको साथी बन्ने अनुरोधलाई विश्वस्त भएर मात्र प्रतिक्रिया जनाऔं ।
- अपरिचित व्यक्तिलाई जथाभावी साथी बन्न अनुरोध नपठाऔं ।
- सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट चिट्ठा पुरस्कार जस्ता आर्थिक प्रलोभनका प्रस्तावको भ्रममा नपरौं ।
- आफुले प्रवाह गरेका सन्देश वा सूचनाबाट समाजमा पर्नसक्ने नकारात्मक प्रभावको ख्याल गरौं ।
- आफ्नो सन्देशले कुनै व्यक्ति वा अन्य कुनै समुदायको आत्मसम्मानमा चोट नपुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# उपनिर्वाचन तय

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ माघ ।

चितवन निर्वाचन क्षेत्र नं. २ को उपनिर्वाचन आगामी वैशाख १० गते हुने भएको छ ।

निर्वाचन आयोगको आइतबार बसेको बैठकले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६८ बमोजिम २०८० वैशाख १० गते आइतबार चितवन-२ मा उपनिर्वाचन गर्ने निर्णय भएको प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए ।

गत मङ्सिरको चुनावमा उक्त क्षेत्रबाट निर्वाचित रवि लामिछाने अयोग्य भएको सर्वोच्च अदालतले आदेश गरेपछि लामिछानेको पद खारेज भएको थियो । लामिछानेको पद खारेजीपछि चितवन -२ रिक्त थियो । नेपालको संविधानको धारा

– बाँकी पृष्ठ २ मा



# अर्धवार्षिक समीक्षा
# घट्यो बजेटको आकार
## संशोधित बजेट १५ खर्ब ४९ अर्ब ९९ करोड

चालु आवको ६ महिनामा कुल सरकारी खर्च ५ खर्ब ७६ अर्ब ३४ करोड रुपैयाँ रहेको छ । जुन गत आर्थिक वर्षको तुलनामा १३.७ प्रतिशतले बढी हो ।

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, २९ माघ

सरकारले अपेक्षा अनुसार राजस्व उठाउन नसकेपछि चालु आर्थिक वर्ष २०७९/८० को बजेटको मध्यावधि समीक्षा गर्दै बजेटको आकार घटाएको छ । उपप्रधान एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आइतबार प्रतिनिधिसभामा चालु आर्थिक वर्षको बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्दै चालु आर्थिक वर्षको बजेटको आकारमा कटौती गरेको जानकारी दिएका हुन् । अर्थमन्त्री पौडेलले चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको बजेट कटौती गरिएको जानकारी गराएका छन् ।

विस्तृत समाचार पृष्ठ १२ मा...



# रवि लामिछाने नै पुनः उम्मेदवार

‘पहिलेभन्दा थप सहजताका साथ चुनाव जित्छु ।’

चितवन क्षेत्र नम्बर २ मा वैशाख १० गतेका लागि तय भएको प्रतिनिधि सभा उप निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले सभापति रवि लामिछाने नै उम्मेदवार बनाउने भएको छ ।

नागरिकता प्रकरणका कारण सांसद पद गुमाएका लामिछाने उपनिर्वाचनमा पुनः उम्मेदवार बन्न लागेका हुन् । यसबारे आज (सोमबार) दिउँसो ३ बजे पार्टी कार्यालय बसुन्धरामा बस्ने केन्द्रीय समिति बैठकले निर्णय गर्ने सम्भावना छ । उपनिर्वाचन तया भएको विषयलाई रास्वपा सभापति लामिछानेले स्वागत गरेका छन् उनी भन्छन् ‘रास्वपाबाट पुनः उम्मेदवार म नै हुँ र पहिलेभन्दा थप सहजताका साथ चुनाव जित्छु ।’

आइतबार विहान उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमा लामिछानेले उपनिर्वाचनबारे चासो राखेका थिए । संयन्त्रको बैठक लगत्तै पार्टीका उपसभापति, महामन्त्रीसँग लामिछानेले छलफल गरेका थिए । त्यसको केहीबेरपछि

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# नेपाली दूतावासमा श्रमिकका लागि ‘हेल्पडेस्क’ राखिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ माघ ।

सरकारले विदेशस्थित विभिन्न मुलुकमा रहेका नेपाली दूतावासमा श्रमिकका लागि ‘हेल्पडेस्क’ राख्ने निर्णय गरेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को निर्देशन र पहलपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले दूतावासहरूमा हेल्पडेस्क राख्ने निर्णय गरेको हो । यही माघ पहिलो साता प्रधानमन्त्रीले श्रम सचिवसहित मन्त्रालयका अधिकारीलाई बोलाएर वैदेशिक रोजगारीका क्रममा विदेशमा रहेका नेपालीले अनेकौं झमेला र सास्ती भोग्नुपरेकाले त्यस्तो समस्या सम्बोधनका लागि डेस्क राख्न निर्देशन दिएपछि मन्त्रालयले गृहकार्य गरेको थियो ।

गृहकार्य पूरा गरेपश्चात् मन्त्रालयले विदेशस्थित विभिन्न मुलुकमा कार्यरत श्रमिक एवं कामदारको समस्या सम्बोधन गर्न छुट्टै ‘फोकल डेस्क’ राख्ने निर्णय गरेको हो । मन्त्रालयको निर्णय जानकारी गराउँदै श्रम, रोजगार तथा सामाजिक सुरक्षा सचिव एकनारायण अर्यालले भने, ‘विदेशमा रहेका नेपाली कामदारका समस्याबारे प्रधानमन्त्रीले चासो दिँदै ‘हेल्प डेस्क’ राख्न भन्नुभएको थियो ।

– बाँकी पृष्ठ २ मा

## नेपालीलाई कोरियाको ‘सिजनल भिसा’ मा प्रतिबन्ध

काठमाडौं/मस- दक्षिण कोरियाले नेपालीलाई मौसमी कामदारको भिसा ‘सिजनल भिसा’ नदिने बताएको छ । कोरियाको अध्यागमन विभागका निर्देशक इसुङ्ह्यनले नेपालबाट मौसमी कामदारको रुपमा कोरिया गएकामध्ये ८० प्रतिशत भन्दा बढी कामदारले तोकिएको कार्यस्थल छोडेर कोरियामै लुकेर बसेको कारण देखाउँदै कम्तीमा आगामी ३ वर्षको लागि प्रतिबन्ध गरेको बताएका छन् । नेपालबाट इपिएसमार्फत् कामदार गइरहेको

– बाँकी पृष्ठ २ मा

# सर्वसाधारण सधैं मारमा

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २९ माघ ।

सरकारले विभिन्न २५ अत्यावश्यक सेवामा कुनै पनि बहानामा हड्ताल वा अवरोध गर्न निषेध गरेको छ । उक्त क्षेत्रको संवेदनशीलता र नागरिकसँग जोडिएका विविध क्षेत्रलाई केन्द्रमा राखेर राजपत्रमा सूचना प्रकाशित गरी स्वास्थ्य, यातायात, हवाईं, खाद्यान्न लगायतका धेरै क्षेत्रमा बन्द, हड्ताल गर्न नपाउने आदेश समेत जारी गरेको छ । तर, उक्त आदेशको अवज्ञा गर्दै नेपाल चिकित्सक संघको आह्वानमा देशभरका स्वास्थ्य संस्थामा आकस्मिक बाहेकका सेवा बन्द

– बाँकी पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
Receptionist : 2 (Female)
Manager : 3 (Female)
PRO : 3 ( Female)
Overseas Marketing : 3 (Female)
SALARY Negotiable
SEND YOUR CV @ alsahelimanpower2010@gmail.com
- Minium 3 Years Work Experience In Related Field.
- At Least Bachelor Degree Or Above Study With Good English.
श्रम इजाजत पत्र नं.: ८९३/०६७/०६८
अल- सहेली म्यानपावर प्रा. लि.
पो.ब.नं.: २२४४, सामाखुसी-२६, टाउनप्लानिङ (श्रेष्ठ प्लाजा), काठमाडौं, नेपाल
फोन: ४९८७३७२, ४९८७७४०, फ्याक्स: ४९८७३२९, मो: ९८१८६१९७८०

VACANCY
ANNOUNCEMENT
A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-
Recruitment Project Manager: 2 (Female)
(Qualification: Bachelors degree & Fluent in English with good commanding skills with computer knowledge)
Documentation Officer: 2 (Female)
(Qualification: 10+2 / Bachelors degree & Fluent in English with computer knowledge; Photoshop, MS word, MS excel)
Note: Attractive salary package with Bonuses
Experienced in this field is highly acceptable but fresher with other organization experienced also can apply.
Drop you Cvs at document.globalhr@gmail.com, info@globalwelfarehr.com Or can contact directly 9851017686
GLOBAL WELFARE H.R. SOLUTION PVT. LTD.
Samakhusi, 26, Kathmandu, Nepal | Tel: 4970357, 4989246

## लुम्बिनीमा सरकार विस्तार

# नवनियुक्त मन्त्रीले लिए शपथ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ माघ



लुम्बिनी प्रदेश सरकारका नवनियुक्त मन्त्रीहरुले पद तथा गोपनीयताको शपथ लिएका छन् । नवनियुक्त मन्त्रीलाई प्रदेश प्रमुख अमिक शेरचनले आइतबार प्रदेश राजधानी राप्ती उपत्यका देउखुरीमा नेपालको संविधानको धारा १७२ बमोजिम शपथ गराएका हुन् ।

मुख्यमन्त्रीको सिफारिसमा मन्त्री भएका आर्थिक मामिलामन्त्री जोखबहादुर महरा, खानेपानी, भैतिक पूर्वाधार विकासमन्त्री इन्द्रजित थारु, स्वास्थ्यमन्त्री विष्णुप्रसाद पन्थी, वन तथा वातावरणमन्त्री दुर्गाप्रसाद चौधरी, उद्योग, पर्यटन तथा यातायात व्यवस्थामन्त्री जानकीप्रसाद यादव, कृषि तथा भूमि व्यवस्थामन्त्री तुलसीराम शर्मा र सामाजिक विकासमन्त्री चन्द्रकेश गुप्ताले प्रदेश प्रमुखसमक्ष शपथ लिएका हुन् ।

मुख्यमन्त्री लिला गिरीको सिफारिसमा प्रदेश प्रमुख अमिक शेरचनले संविधानको धारा १६८ को उपधारा (९) बमोजिम मौजुदा मन्त्रिपरिषद्मा शनिबार मन्त्रीहरूको नियुक्ति र कार्य विभाजन गरेका थिए । यसअघि बिनाविभागीय मन्त्रीका रूपमा रहेका ग्रामीण तथा शहरी विकासमन्त्री चेतनारायण आचार्य, आन्तरिक मामिला, कानून तथा सहकारीमन्त्री कृष्णा केसीको पनि शनिबार नै कार्य विभाजन गरिएको थियो ।

शपथ ग्रहण समारोहमा मुख्यमन्त्री गिरी, प्रदेश सभामुख तुलबहादुर घर्ती, पूर्वमुख्यमन्त्री कुलप्रसाद केसी, प्रमुख सचिव डा दीपक काफ्ले, प्रदेश सरकारका उच्च पदस्थ अधिकारीको उपस्थिति रहेको थियो । मुख्यमन्त्री गिरीले गत पुस २८ गते बिनाविभागीय मन्त्री बनेका दुईसहित नौ सदस्यीय मन्त्रिपरिषद् विस्तार गरी कार्यविभाजन गरेका हुन् । विस्तारित मन्त्रिपरिषद्मा सरकारको नेतृत्व गरेको नेकपा (एमाले) बाट चार, नेकपा (माओवादी केन्द्र) बाट तीन तथा राष्ट्रिय प्रजातन्त्र पार्टी) राप्रपा र जनमत पार्टीबाट एक-एक जना नियुक्त भएका छन् ।

### मुख्य न्यायाधिवक्ताको शपथ

लुम्बिनी प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता खुमकान्त पौडेलले पनि आइतबारनै पद तथा गोपनीयताको शपथ लिएका छन् । मुख्यमन्त्री गिरीको सिफारिसमा प्रदेश प्रमुख शेरचनले पौडेललाई मुख्य न्यायाधिवक्तामा नियुक्त गरेका हुन् ।

नवनियुक्त मुख्य न्यायाधिवक्ता पौडेललाई आइतबारनै उच्च अदालत तुलसीपुरका कामु मुख्य न्यायाधीश गोपाल भट्टराईले प्रदेश प्रमुखको उपस्थितिमा शपथ गराएका थिए ।

# ऐतिहासिक समनपुरमा फागु बैरिया मेला आयोजना गरिने

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २९ माघ



रौतहट समनपुरमा प्रत्येक वर्षझैं यसवर्ष पनि फागु बैरिया मेलाको आयोजना गरिने भएको छ । हरेक वर्ष फागु पुर्णिमाको अवसरमा आयोजना गरिने उक्त मेला यसवर्ष पनि धुमधामका साथ मनाउने तयारी गरिएको गढीमाई नगरपालिकाले पत्रकार सम्मेलन मार्फत् जानकारी गराएको छ ।

रौतहट जिल्लाको मध्ये भाग र सर्लाहीसँग जोडिएको समनपुरको पनि आफ्नै इतिहास रहेको छ। यद्यपी समनपुरको इतिहास कागजमा लेखिएका मसीझैं लोप हुँदै गयो । यो मेला फागुन १९ देखि २३ सम्म हुने तय गरिएको छ ।

गढीमाई नगरपालिकाको आयोजनामा ब्रिटिश फौजलाई पराजित गरेको ऐतिहासिक दिनको सम्झनासहित रौतहटको समनपुरमा हरेक फागु पूर्णिमाको अवसर पारेर मेला लाग्ने गर्दछ । 'हाम्रो संस्कृति, हाम्रो परम्परा, समनपुरमा ऐतिहासिक फागु बैरिया मेला महोत्सव २०७९' मूल नाराका साथ मेलाको तयारी धुमधामका साथ हुने गढीमाई नगरपालिकाका नगरप्रमुख श्यामप्रसाद यादवले बताए । हाम्रो संस्कृति नै हाम्रो पहिचान भएको कारण यसलाई जोगाउनुपर्ने समेत उनले बताए ।

एक सातासम्म सञ्चालन हुने ऐतिहासिक फागु बैरिया मेलाबाट स्थानीय कला, साहित्य, संस्कृति, पर्यटन र ऐतिहासिकताको प्रवर्द्धन गर्न पालिकाको लक्ष्य रहेको छ। यो मेलाको उदेश्य नेपालीहरुले ब्रिटिश सेनालाई समनपुरबाट लखेटेको ऐतिहासिक दिनको सम्झना गराउनु, नेपालकै गौरवशाली इतिहासको संरक्षण र प्रचार गर्नु, स्थानीय उत्पादनहरुको प्रवर्द्धन गर्नु, स्थानीय संस्कृतिको संरक्षण गर्दै प्रचार-प्रसार गर्नु, स्थानीय खानाको प्रवर्द्धन गर्नु, स्थानीय व्यवसायको विकास गर्नु आदि रहेको पालिकाका प्रवक्ता दिपेन्द्र श्रेष्ठले बताए। पालिकाले मेलाका लागि करिब २० लाख बजेट छुट्याएको छ । तर बजेट भने अझै पूर्णरुपले तय नभएको समेत प्रवक्ता श्रेष्ठले बताए। पत्रकार सम्मेलनमा गढीमाई नगरपालिकाका नगरप्रमुख श्यामप्रसाद यादव, प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र प्रसाद यादव, प्रवक्ता दिपेन्द्र श्रेष्ठ, वडा अध्यक्ष साथै जिल्लाका विभिन्न सञ्चारमाध्यममा कार्यरत पत्रकार हरुको उपस्थिति रहेको थियो ।

### यस्तो छ समनपुरको इतिहास

नेपालको दोस्रो ठूलो मन्दिर गढीमाई नगरपालिकामै अवस्थित छ । सो मन्दिरको नाम गढीमाई राखिएको हो । खासमा रौतहटकै पुरानो र नेपाल-अग्रेज युद्ध भएको युद्धस्थल समनपुर बजार रहेको इतिहास हो । जसको ऐतिहासिक नाम लडैया समनपुर रहेको छ ।

नेपाल-अग्रेज युद्ध भएको युद्धस्थलमा रहेको किल्ला र युद्धमा प्रयोग भएको हातहतियारहरु अहिले पनि यस ठाउँमा भेटिने गरेकोले पनि गढीमाई नगरपालिकाको विशेषता झल्काउने गर्दछ। पाँच वर्षमा लाग्ने नेपालकै दोस्रो ठूलो गढीमाई मेलामा आउने लाखौं धार्मिक पर्यटकहरुको घुइँचोले पनि नगरपालिकाको चिनारीलाई प्रष्ट्याएको छ ।

### प्रचण्डले...

राप्रपा पनि छ । एमाले प्रमुख सत्ता साझेदार दल हो । तथापि, प्रधानमन्त्रीमा विश्वासको मत पाउँदा प्रचण्डले २६८ मत पाएका थिए । फेरि पनि समीकरण फेरिने सक्ने कतिपय नेताहरु बताउँछन । एमालेले साथ छाडे कांग्रेसले साथ दिने प्रधानमन्त्री प्रचण्डको विश्वास छ । आफूले पाएको विश्वासको मत र भावी राजनीतिक दृष्यलाई समेत ख्याल गरेर प्रचण्डले आफ्नो आत्म विश्वास जनयुद्ध दिवस मनाउने निर्णयमार्फत गराएका छन् ।

तर, सरकारको यस निर्णयलाई लिएर समाज भने विभाजित भएको छ । खासगरी माओवादीमा आस्था राख्ने भन्दा अन्यले यसको आलोचना गरेका छन् । राप्रपा नेपालका अध्यक्ष कमल थापाले सरकारको यो निर्णय आपत्तिजनक भएको बताएका छन् ।

थापाले लेखेका छन्, '२०४७ सालको संविधान र राज्यविरूद्ध माओवादीले हिंसात्मक विद्रोह शुरू गरेको दिनको सम्झनामा फागुन १ गते सार्वजनिक बिदा दिने सरकारको निर्णय आपत्तिजनक छ । हजारौं निर्दोषको ज्यान लिने माओवादी आतंक र हिंसा राष्ट्रिय पर्व हुन सक्दैन । राजा र हिन्दू राष्ट्र पक्षधर पार्टी कुन मुखले सरकारमा बसिरहेको छ ?'

अधिवक्ता बुद्धि कार्कीले नेतृत्वमा भएको बेला धेरैले पचाउन नसकेको 'जनयुद्ध' शुरू गरेको दिनलाई 'राष्ट्रिय दिवस' बनाएर सबैको टाउकोमा जबर्जस्ती थोपरेको भनेका छन् । उनले लेखेका छन, 'एकातिर नेकपा माओवादी आफ्नो जनाधार बढाउन जन्मकालदेखि अवलम्बन गरेको राजनीतिक दर्शन र आफ्नो नाम समेत बदल्न तयार देखिन्छ । अर्कोतिर सरकारको नेतृत्वमा भएको बेला धेरैले पचाउन नसकेको ' जनयुद्ध' शुरू गरेको दिनलाई 'राष्ट्रिय दिवस' बनाएर सबैको टाउकोमा जबर्जस्ती थोपरेको छ । कत्रो विरोधाभास !'

### उपनिर्वाचन...

८४ को उपधारा ७ मा प्रतिनिधि सभाको कार्यकाल ६ महिनाभन्दा बढी बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा त्यस्तो स्थान जुन निर्वाचन प्रणालीबाट पूर्ति भएको थियो सोही प्रक्रियाद्वारा पूर्ति गरिनेछ भन्ने व्यवस्था रहेको आयोगले जनाएको छ ।

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६८ ले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत निर्वाचित कुनै सदस्यको पद प्रतिनिधि सभाको अवधि ६ महिनाभन्दा बढी कायम रहँदै कुनै कारणले रिक्त भएमा आयोगले तोकेको मितिमा त्यस्तो रिक्त सदस्यको पद उपनिर्वाचनद्वारा पूर्ति गरिने व्यवस्था भए बमोजिम आयोगले उपनिर्वाचनको मिति तोकेको हो ।

उपनिर्वाचन कार्यक्रम अनुसार सोमबार फागुन १ गतेदेखि चैत १६ गतेसम्म मतदाता नमावली अद्यावधिक कार्यक्रम सञ्चालन हुनेछ ।

त्यसैगरी, उम्मेदवारको मनोनयन दर्ता चैत २० गते, उम्मेदवारको विरोधमा उजुरी दिने चैत २१ गते, मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय दिने तथा उम्मेदवारको नामावली प्रकाशन गर्ने चैत २२ गते, उम्मेदवारको नाम फिर्ता र उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्य चैत २३ गते हुनेछ ।

### रवि...

निर्वाचन आयोगको बैठकले उपनिर्वाचन आउँदो वैशाख १० गते गर्ने निर्णय गरेको थियो ।

मंसिर ४ मा भएको निर्वाचनमा सोही क्षेत्रबाट लामिछाने निर्वाचित भएका थिए । तर नागरिकतासम्बन्धी मुद्दामा अदालतको फैसलाबाट उनी पदमुक्त भएपछि आयोगले रिक्त रहेको पदमा उपनिर्वाचनको मिति तोकेको हो ।

### नेपाली...

निर्देशनपछि हामीले गृहकार्य गरेर यो निर्णयमा पुगेका हौं । सरकारको यो निर्णयले विदेशमा रहेका सम्पूर्ण श्रमिकको पेशागत हकहित, सुरक्षा र प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएका छौं । यस निर्णयलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्नेछौं ।'

विदेशस्थित विभिन्न मुलुकमा कार्यरत श्रमिक एवं कामदारको समस्या सम्बोधन गर्न छुट्टै 'फोकल डेस्क'को व्यवस्थासम्बन्धी माघ २५ गतेको निर्णयमा भनिएको छ, 'विभिन्न मुलुकमा कार्यरत नेपाली श्रमिकका समस्यालाई तत्काल सम्बोधन गर्न तथा समस्या समाधानमा थप सहजीकरण गर्नका लागि विदेशस्थित सबै नेपाली नियोगमा श्रमिकहरूका सबै प्रकारका समस्या सम्बोधन, सहजीकरण एवं मन्त्रालयमा प्रतिवेदन गर्न सबै नियोगमा श्रम डेस्क (लेबर डेस्क) स्थापना गरिनेछ ।' - सो निर्णयमा अगाडि भनिएको छ ।

यही माघ २५ गते प्रधानमन्त्री तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीस्तरीय निर्णय भएको छ । त्यसैगरी परराष्ट्र मन्त्रालयमासमेत श्रमिकका समस्या समाधानार्थ समन्वय गर्न छुट्टै 'डेडिकेटेड फोकल प्वाइन्ट' तोकी कार्यारम्भ गर्ने निर्णय भएको छ । यसबाट विदेशस्थित विभिन्न मुलुकमा कार्यरत श्रमिकका समस्या तत्काल सम्बोधन हुने अपेक्षा गरिएको छ ।'

### नेपालीलाई...

अवस्थामा केही स्थानीय निकायले दलाल खडा गरेर मनोमानी ढंगबाट रकम उठाएर कोरिया पठाउन थालेपछि स्थानीय निकायलाई बद्नाम गराउने काम भएको भन्दै आलोचना भएको छ ।

कोरियाली मौसमी कामदारसम्बन्धी कार्यविधिमा एक वर्षको अवधिमा मौसमी कामदारको भिषामा कोरिया प्रवेश गरेकामध्ये ७० प्रतिशत भन्दा बढी अवैधरुपमा बसेको प्रमाणित भएमा सम्बन्धित देशबाट कम्तीमा तीन वर्षसम्म मौसमी कामदार ल्याउन प्रतिबन्ध लगाउने व्यवस्था छ ।

नेपालबाट गतवर्ष गएका ८० प्रतिशत भन्दा बढी कामदार नेपाल नफर्किएको पाइएपछि नेपालीलाई रोकिएको बताइएको छ । कोरियन नागरिकसँग वैवाहिक सम्बन्ध रहेका नेपालीहरूले आफन्तलाई मौसमी कामदारको रुपमा लैजान सक्ने व्यवस्था भने यथावत् रहेको बताइएको छ ।

### सर्वसाधारण...

हुँदा बिरामीहरू मर्कामा परे । शुक्रबार राष्ट्रपति विद्यादेवी भण्डारीको सवारीका क्रममा ट्रमा सेन्टरका चिकित्सक कुटिएको विरोधमा डाक्टरहरू आन्दोलनमा उत्रेपछि देशभरको अस्पताल सेवा प्रभावित भएको थियो । वीर, टिचिङ्ग लगायत देशभरकै अस्पतालमा पुगेका विरामीहरु ओपीडी टिकट नपाएपछि सडकमै बसेर आन्दोलन र राष्ट्रपतिका विरुद्ध नारावाजी गरेका थिए ।

स्वास्थ्य मन्त्रालयले विज्ञप्ति नै जारी गरेर स्वास्थ्योपचारको नियमित काममा जुट्न सबै चिकित्सक तथा स्वास्थ्यकर्मी सम्बद्ध सबै स्वास्थ्य संघसंस्थालाई अनुरोध पनि गरेको थियो । तर, पछि सरकारसँगको वार्तापछि भने संघले आन्दोलन फिर्ता लियो । चिकित्सक कुटिएको घटनाको समग्र पक्षमा एक हप्ताभित्र छानबिन सम्पन्न गरी दोषीलाई कारबाही गर्ने, घाइते चिकित्सकको उपचारको व्यवस्था सरकारले गर्ने, स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको सुरक्षा व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्ने निर्णयपछि चिकित्सक संघले आन्दोलन स्थगित गर्ने सहमति गरेको हो ।

**नबदलिएको नियति**

स्वास्थ्यकर्मी कुटपिटको विषयलाई लिएर देशभरि आकस्मिक वाहेकका सेवा बन्द भएपछि मारमा परेका सर्वसाधारणले सडकमै बसेर आन्दोलन सुरु गरेका थिए । विभिन्न जिल्लाबाट उपचारका लागि आएका उनीहरुले अस्पताल बन्द हुँदा मारमा परेको भन्दै विरोध गरेका थिए । 'अस्पतालमा उपचारका लागि आइयो तर यहाँ ताला बन्द छ, अब कसरी उपचार गर्नु ? अलपत्र परियो' अछामबाट उपचारका लागि आएका छविरमण लम्सालले भने । उनले राष्ट्रपतिको गल्तीको सजाय सर्वसाधारणलाई दिन नहुने प्रष्ट गुनासो समेत गरेको छन् । उनीमात्रै होइन, डाक्टरहरुको हड्तालले देशभरका हजारौं विरामी समस्यामा परेका थिए । आवश्यक सेवा सञ्चालन ऐन २०१४ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सरकारले विभिन्न २५ आवश्यक सेवामा हड्ताल गर्न निषेधको आदेश जारी गरेपनि त्यसको कार्यान्वयन हुन नसक्दा जनताहरु पटकपटक मारमा पर्दै आएका छन् । तरपनि, सरकारी पक्षले कडा कदम नचाल्दा र स्वास्थ्यकर्मीहरु सर्वसाधारणको सुरक्षाप्रति सचेत नहुँदा बारम्बार समस्या आइरहेको छ ।


## Madhyabindu Municipality
**Chormara, Nawalparasi (Ba.Sa.Pu.)**

**Invitation for Bids**

**Date of publication: 2079/11/01 (2023-02-13)**

1. Madhyabindu Municipality, Office of Municipal Executive, Chormara invites electronic bid from eligible and qualified bidders for the procurement of following works under NCB single stage Double Envelop Bidding Process. Major Qualification of the contract are mentioned below through the details are in the bidding documents.

| S. N. | Contract ID | Name of the Project | Average Annual Construction Turnover of the best 3 years within last 10 years (NRs) | Minimum Works experience of Similar Size and Nature | Bid Security (NRs) | Validity Period of Bid Security | Bid Document Fee |
|---|---|---|---|---|---|---|---|
| 1 | 17/MBMW/ Works/2079/80 | Construction Of All weather access road Madhyabindu-10, Charikun | 26.5 Millions | Successfully or Substantially Completion of at least one contract of NRs. 10.6 Million in Asphalt Concrete Road | 7500000.00 | 120 Days | 5000.00 |
| 2 | 18/MBMW/ Works/2079/80 | Construction Of Chaurangi lahasedhara jhankatta sadak at Madhyabindu - 08 | 24.4 Millions | Successfully or Substantially Completion of at least one contract of NRs. 9.8 Million in Asphalt Concrete Road | 7000000.00 | 120 Days | 5000.00 |

Pre-Bid Meeting, Submission and Opening of Bid:

| Pre-Bid Meeting | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time |
| 2023-03-05 | 12:00 noon | 2023-03-15 | 12:00 noon | 2023-03-15 | 14:00 |

2. Bidder shall submit their bidding document electronically through e-GP from PPMO's website www.bolpatra.gov.np/egp as specified in bid data sheet from provision of E-bidding.

# कर्णालीमा अस्थिर कर्मचारीतन्त्र
# बजेट कार्यान्वयनमा धक्का

**कुलेन्द्र शाही / मध्यान्ह**
सुर्खेत, २९ माघ

कर्णाली प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्ले संघीयताको कार्यान्वयन भएर पहिलो पाँच वर्ष सम्पन्न हुँदा ६ जना प्रदेशका प्रमुख सचिव परिवर्तन भएका छन् । हाल सातौं प्रदेशको निमित्त प्रमुख सचिवको रुपमा गोपीकृष्ण खनालले काम गरिरहेका छन् । यहाँ काठमाडौंबाट मात्रै निरन्तर प्रदेश प्रमुख सचिवका रुपमा तीन जना आएका छन् ।

सुरुमा काठमाडौंबाट २०७४ माघ १९ गते सुरेश प्रधान कर्णाली प्रदेशमा आए । प्रदेशको पहिलो मुख्यमन्त्री तथा मन्त्रीहरुलाई स्वागत गरेर प्रधान २०७४ चैत २६ गते सरुवा भए । उनी सरुवा भएको केही दिनमै पुनः काठमाडौंबाटै राम प्रसाद थपलिया प्रमुख सचिवका रुपमा २०७५ वैशाख १२ गते आएर २०७६ वैशाख १० गते अन्य ठाउँमा सरुवा भए । उनले यहाँ करिब एक वर्ष जसोतसो बिताए ।

तेस्रो प्रदेश प्रमुखका रुपमा काठमाडौंबाटै २०७६ वैशाख १९ गते केवल प्रसाद भण्डारी आए । उनी पनि यहाँ जसोतसो एघार महिना बिताएर २०७६ फागुन २७ गते यहाँबाट अन्य ठाउँमा सरुवा भए । यस्तै चौथो प्रदेश प्रमुख सचिवका रुपमा अर्घाखाँचीबाट २०७६ फागुन २८ गते  टेकनारायण पाण्डे आए । उनी पनि २०७७ साल पाउन ७ गते यहाँबाट अन्य ठाउँमा सरुवा भए । कर्णालीमा यसरी नै प्रदेश प्रमुख सचिवका रुपमा परिर्वतन हुने प्रक्रिया चलिरहेको छ । ०७४ मा स्थापना भएको प्रदेश सरकारका ८ मन्त्रालय हाक्न अहिलेसम्म ५३ जना सचिव कर्णाली आएको तथ्यांक मन्त्रालयको वेवसाइटमा उल्लेख गरिएको छ । यसको अर्थ कर्णालीमा राजनीतिक नेतृत्वभन्दा कर्मचारीतन्त्र बढी अस्थिर छ । खासगरी कर्मचारीहरू एक तह बढुवाका लागि कर्णाली आउने गरेको र प्रक्रिया मिलाएर छोटो अवधिमा फर्कने गरेका छन् । कर्मचारितन्त्रमा देखिएको यो अस्थिरताले कर्णालीमा विकास निर्माणका साथै आर्थिक, सामाजिक तथा प्रशासनिक क्षेत्रमा ठूलो असर परिरहेको छ ।

निजामती कर्मचारीहरूको खटनपट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्दछ । प्रदेशका मन्त्रालयहरूमा यही मन्त्रालयले सचिव खटाउँछ । तर, कर्णालीमा कर्मचारी टिकाउने गरी यो मन्त्रालयले पनि नीति तथा योजना बनाउन सकेको छैन । प्रदेश सरकारले पनि निजामती ऐन बनाउन सकेको छैन । यो अवधिमा प्रदेशको कानून निर्माणमा मुख्य भूमिका खेल्ने आन्तरिक मामिला तथा कानून मन्त्रालयमै सबैभन्दा बढी सचिव फेरिएका छन् । यो मन्त्रालयमा आएका १० जना सचिव एक वर्ष पनि काम नगरी फर्किएका छन् ।

प्रदेशको मुख्य जिम्मेवारी बोकेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पनि ६ जना सचिव फेरिएका छन् । यस्तै आर्थिक मामिला तथा योजना मन्त्रालय र सामाजिक विकास मन्त्रालयमा ८/८, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयमा ७, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा ६, पर्यटन, वन तथा वातावरण मन्त्रालयका ४ र जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयमा ४ जना सचिव




फेरिएका छन् ।

### किन टिक्दैनन् प्रदेशका प्रमुख सचिव ?

कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का प्रवक्ता तथा सूचना अधिकारी कृष्णप्रसाद खरेलले केन्द्रमा भएको जस्तो स्थापित कानून र सिस्टम प्रदेशमा नभएको साथै एउटै मान्छेले ६ सात वटा मन्त्रालय हेर्नु पर्ने भएकाले प्रदेश प्रमुख सचिव नटिकेको बताए । काठमाडौंबाट निकै टाढा हुनु, आवतजावत गर्ने हवाइ उडान नियमित नहुने भएकाले कर्णालीमा प्रदेश प्रमुख सचिव कम टिक्ने गरेको उनले बताए ।

'प्रायः प्रमुख सचिवहरु काठमाडौंबाट आउने गर्दछन् । संघ जस्तो यहाँ काम गर्न त्यति सजिलो छैन्, प्रदेशमा एउटै मान्छेले ६, ७ वटा मन्त्रालय हेर्नुपर्छ, धेरै कुरामा समस्या हुन्छ, एक दुई महिना काम गर्छन्, फेरी अन्य जिल्लामा सरुवा हुन्छन्' उनले भने, 'कर्मचारीको पहिलो रोजाईमा गण्डकी प्रदेश, दोस्रोमा १ नम्बर प्रदेश, तेस्रोमा बागमती, चौथोमा लुम्बिनी पाँचौमा मधेस प्रदेश र छैटौंमा कर्णाली पर्ने गरेको छ ।'

### बजेट कार्यान्वयनमा असर

सचिवहरू फेरिइरहँदा विगतका ५ आर्थिक वर्षमा प्रदेशमा पूँजीगत खर्च (विकास बजेट) एकदमै न्यून भयो । आर्थिक वर्ष २०७४/०७५ मा कुल बजेट १ अर्ब २ करोड ५ लाखमध्ये जम्मा ७ करोड ५७ लाख ५२ हजार ३ सय ४ रुपैयाँ अर्थात् ७ प्रतिशत मात्र खर्च भएको थियो ।

आर्थिक वर्ष २०७५/०७६ मा कुल बजेट २८ अर्ब २८ करोड २८ लाख रुपैयाँ रहेकामा ९ अर्ब ९५ करोड ३३ लाख मात्र खर्च भयो । यस्तै आर्थिक वर्ष २०७६/०७७ मा झण्डै ३६ अर्ब बढीको बजेट विनियोजन गरेको सरकारले ४८ प्रतिशत मात्र बजेट कार्यान्वयन खर्च गर्न सक्यो । आर्थिक वर्ष २०७७/०७८ मा ३३ अर्ब ७४ करोड १३ लाख ५३ हजार विनियोजन गरेको कर्णालीले ६५ दशमलव ५२ प्रतिशत खर्च गरेको प्रदेश सरकारको अपेक्षित विकास बजेट खर्च गर्न सकेन ।

यस्तै आर्थिक वर्ष २०७८/०७९ मा कुल ३६ अर्ब बढी बजेट आएकोमा ६२ दशमलव ६५ प्रतिशत बजेट खर्च भएको छ । चालु आर्थिक वर्ष २०७९/०८० मा ३२ अर्ब वार्षिक बजेट सार्वजनिक गरेकोमा ६ महिनाको खर्चको गति पनि निराशाजनक छ ।

चालु आर्थिक वर्षको साउनदेखि पुस मसान्तसम्म प्रदेश सरकारले ९ प्रतिशत मात्रै बजेट कार्यान्वयन गरेर विगतकै खराव वित्तीय प्रगति सुरुवात गरेको छ । यी सचिवहरू एक वर्ष पनि टिकेनन्

मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयका प्रदेश प्रमुख सचिव सुरेश प्रधान, केवल प्रसाद भण्डारी, टेकनारायण पाण्डे, चन्द्रमान श्रेष्ठ, राजकुमार श्रेष्ठले कर्णाली प्रदेशमा कार्यरत रहँदा मन्त्रालयहरूमा एक वर्ष पनि काम गर्न सकेनन् ।

यस्तै आन्तरिक मामिला तथा कानुन मन्त्रालयका दिनेश सागर भुसाल, प्रेम राज गिरी, झक्क प्रसाद आचार्य, पुण्यविक्रम पौडेल, शोभाकान्त पौडेल, वीरेन्द्र कुमार यादव, विनोद कुमार गौतम, गंगाराम गेलाल, तोयनारायण सुवेदी र केशवराज आचार्य पनि कर्णालीमा एक वर्ष पनि टिक्न सकेनन् । सचिवहरू फेरिइरहँदा विगतका ५ आर्थिक वर्षमा प्रदेशमा पुँजीगत खर्च (विकास बजेट) एकदमै न्युन भयो । आर्थिक वर्ष २०७४/०७५ मा कुल बजेट १ अर्ब २ करोड ५ लाखमध्ये जम्मा ७ करोड ५७ लाख ५२ हजार ३ सय ४ रुपैयाँ अर्थात ७ प्रतिशत मात्र खर्च भएको थियो । आर्थिक वर्ष २०७५/०७६ मा कुल बजेट २८ अर्ब २८ करोड २८ लाख रुपैयाँ रहेकामा ९ अर्ब ९५ करोड ३३ लाख मात्र खर्च भयो ।

यस्तै आर्थिक वर्ष २०७६०७७ मा झण्डै ३६ अर्ब बढीको बजेट विनियोजन गरेको सरकारले ४८ प्रतिशत मात्र बजेट कार्यान्वयन खर्च गर्न सक्यो । आर्थिक वर्ष २०७७०७८ मा ३३ अर्ब ७४ करोड १३ लाख ५३ हजार विनियोजन गरेको कर्णालीले ६५ दशमलव ५२ प्रतिशत खर्च गरेको प्रदेश सरकारको अपेक्षित विकास बजेट खर्च गर्न सकेन ।

यस्तै आर्थिक वर्ष २०७८/०७९ मा कुल ३६ अर्ब बढी बजेट आएकोमा ६२ दशमलव ६५ प्रतिशत बजेट खर्च भएको छ । चालु आर्थिक वर्ष २०७९/०८० मा ३२ अर्ब वार्षिक बजेट सार्वजनिक गरेकोमा ६ महिनाको खर्चको गति पनि निरासाजनक छ । चालु आर्थिक वर्षको साउनदेखि पुस मसान्तसम्म प्रदेश सरकारले ९ प्रतिशत मात्रै बजेट कार्यान्वयन गरेर विगतकै खराव वित्तीय प्रगति शुरुवात गरेको छ ।

### यी सचिवहरू एक वर्ष पनि टिकेनन्

मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयका प्रदेश प्रमुख सचिव सुरेश प्रधान, केवल प्रसाद भण्डारी, टेकनारायण पाण्डे, चन्द्रमान श्रेष्ठ, राजकुमार श्रेष्ठले कर्णाली प्रदेशमा कार्यरत रहँदा मन्त्रालयहरूमा एक वर्ष पनि काम गर्न सकेनन् । यस्तै आन्तरिक मामिला तथा कानून मन्त्रालयका दिनेश सागर भुसाल, प्रेम राज गिरी, झक्क प्रसाद आचार्य, पुण्यविक्रम पौडेल, शोभाकान्त पौडेल, वीरेन्द्र कुमार यादव, विनोद कुमार गौतम, गंगाराम गेलाल, तोयनारायण सुवेदी र केशवराज आचार्य पनि कर्णालीमा एक वर्ष पनि टिक्न सकेनन् ।

# गेटा मेडिकल कलेजलाई राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय बनाइने

**काठमाडौं / मस–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कैलालीको गेटामा निर्माणाधीन गेटा मेडिकल कलेजलाई नेपालकै पहिलो राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालयकारुपमा अघि बढाउने विषयमा छलफल गरेका छन् ।

गेटा मेडिकल कलेजको मोडालिटीका बारेमा सुदूरपश्चिमका विभिन्न जिल्लाबाट प्रतिनिधित्व गर्ने वहालवाला तथा पूर्वसांसद, मन्त्री, विषय विशेषज्ञ, नेपाल सरकारका मुख्यसचिव, शिक्षा र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवहरुसँग आइतबार उनले प्रधानमन्त्री निवास बालुवाटारमा छलफल गरेका हुन् । प्रधानमन्त्री दाहालले आगामी फागुन १ देखि विकास आयोजनाको अनुगमन गर्ने घोषणा गरेका छन् । सोही सिलसिलामा उनको सोमबार सुदूरपश्चिम प्रदेशको  कैलाली र कन्चनपुर जाने कार्यक्रम छ ।

भ्रमणको अघिल्लो दिन उनले सो क्षेत्रका सांसदसँग छलफल गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । 'मेरो पहिलो कार्यकालमा सुदूरपश्चिम विश्वविद्यालयको घोषणासमेत गरेको थिए', छलफलमा उनले भने, 'गेटा मेडिकल कलेजलाई समेत राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालयका रुपमा विकास गर्ने विषय मेरा लागि गौरवको विषय हो ।'

प्रधानमन्त्री दाहालले गेटा मेडिकल कलेजलाई नेपालकै पहिलो शहीद दशरथचन्द राष्ट्रिय विश्वविद्यालयकारुपमा विकास गर्ने गरी सरकारले निर्णय गर्ने बताए । 'यो सुदूरपश्चिम र सिंगो नेपालकै लागि निकै ठूलो गर्व र खुसीको कुरा हो', प्रधानमन्त्री दाहालले भने, 'नेपालमा आजसम्म पनि स्वास्थ्यविज्ञान विश्वविद्यालय नभएको अवस्थामा यो विश्वविद्यालयले दक्ष चिकित्सक, विशेषज्ञ चिकित्सा सेवा र विशिष्टिकृत चिकित्सकीय र जनस्वास्थ्यसँग सम्बन्धित अनुसन्धानको कमी पूरा गर्ने सबैले विश्वास लिएका छौं ।'

गेटा मेडिकल कलेजको पूर्वाधार निर्माणलगायतका काम दाहाल पहिलो र दोस्रोपटक प्रधानमन्त्री भएको बेला अघि बढेका थिए । गेटा मेडिकल कलेज सञ्चालनमा आएपछि सुदूरपश्चिमका नागरिकले सर्वसुलभ दरमा स्तरीय स्वास्थ्य सेवा पाउने अपेक्षा गरिएको छ ।

## साइप्रसमा रोजगार | कम्पनी : ANDRIANA KYRIAKOU

पूर्व स्वीकृत मितिः २०२२/०७/११ चलानी नं.: ६०१८३२५१ LT. No.: 267109 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | waiter | 3 | 0 | स. काममा दक्ष | 650 | ९१,६१७ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waitress | 0 | 3 | | 650 | ९१,६१७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ८ गते (20 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

AGNI overseas
अग्नि ओभरसिज प्रा. लि.
श्रम ईजाजत नं.: ९५९/०६७/०६८
सामाखुसी–२६, टाउन प्लानिङ्ग, काठमाडौं, फोन नं. ०१–४९५०३८९, मो.: ९८४१५८८०४७

## डिभिजन वन कार्यालय, सुर्खेत

**वीरेन्द्रनगर, सुर्खेत**

### बिक्रि वितरण गर्न लिलाम बिक्रिको २१ (एक्काईस) दिने सूचना

**सूचना प्रकाशित मितिः २०७९/११/०१**

**भेरी सामुदायिक वन उपभोक्ता समूह, गर्भाकोट–१०, सुर्खेत**

प्रस्तुत सन्दर्भमा त्यस समूहको च.नं. ३ मिति २०७९/०५/१२ को पत्रबाट माग भई आएको र गुर्भाकोट सब डिभिजन वन कार्यालय, सुर्खेतको च.नं. ८० मिति २०७९/१०/२७ को पत्रानुसार सिफारीस साथ पेश भएको र तपशिलको गोलीया काठ/दाउरा यस कार्यालयको मिति २०७९।१०।२९ को निर्णय अनुसार व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्न सहमती दिइएको छ । समूहको स्वीकृत वन कार्ययोजना, विधान, सामुदायिक वनको काठ/दाउरा संकलन तथा विक्रिवितरण निर्देशिका २०७१ र प्रचलित ऐन नियमको परिधिभित्र रही नियमानुसार लिलाम बढावढ प्रक्रियाद्वारा बिक्रि वितरण गर्न लिलाम बिक्रिको २१ (एक्काईस) दिने सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरी सो को सूचना ७ (सात) दिन भित्र डिभिजन वन कार्यालय सुर्खेत, जिल्ला मालपोत कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, नगरपालिका/गा.पा. को कार्यालय र गुर्भाकोट सव डिभिजन वन कार्यालयमा टाँस गर्न पठाई लिलाम बिक्रिको बोलपत्रहरु डिभिजन वन कार्यालय, सुर्खेत वीरेन्द्रनगर र त्यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयवाट समेत खरिद गर्ने र सामुदायिक बनको कार्यालयमा मात्र दाखिला गर्ने अनिवार्य व्यवस्था मिलाउने गरी यो लिलाम सहमती दिईएको छ । माथि उल्लेखित प्रक्रिया नअपनाई लिलाम विक्री भएको खण्डमा र सहमती दिइएको बाहेकका वन पैदावार बिक्री गरेमा वा कुनै किसिमको अनियमितता भए गरेमा सो को जिम्मेवार स्वयं समूह नै हुने र कानून बमोजिम कारबाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपसिल**

| प्रजाती/किसिम | ग्रेड A थान | ग्रेड A क्यु.फि. | ग्रेड B थान | ग्रेड B परिमाण क्यु.फि. | ग्रेड C थान | ग्रेड C परिमाण क्यु.फि. | ग्रेड D थान | ग्रेड D परिमाण क्यु.फि. | जम्मा थान | जम्मा परिमाण क्यु.फि. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| साल | २३ | ४९८ | १५ | १७८.८ | १ | ६.५१ | - | - | ३९ | ६८३.६ | साल जातको दाउरा .०८० चट्टा |

**डिभिजन वन अधिकृत**

## टेम्केमैयुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**अन्नपूर्ण भोजपुर**
**प्रदेश नं. १, नेपाल**

### शिलबन्दी दरभाउपत्र स्वीकृत गरीने आशयको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/११/०१**

यस गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०७९/१०/०९ गतेको हिमालय टायम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम निर्माण कार्य खरिद गर्न शिलबन्दी दरभाउपत्र आव्हान गरिएकोमा निर्धारीत समय भित्र दर्ता हुन आएका दरभाउपत्रहरुको मूल्याङ्कन गर्दा देहायका दरभाउपत्रदाताले न्यूनतम रकम बोल कबोल गरी उक्त दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही भएको पाईएकोले सो दरभाउपत्र स्वीकृतीको लागि छनौट भएको हुँदा खरिद इकाईको मिति २०७९/१०/२९ गतेको निर्णय अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र दफा ४७ को प्रयोजनार्थ यस बोलपत्रमा भाग लिने सबै बोलपत्रदाताहरु र सम्बन्धीत सबैको जानकारीको लागी ७(सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | ठेक्का न. | कामको विवरण | स्वीकृतिका लागि सिफारिस दर भाउपत्रदाताको नाम र ठेगाना | बोलपत्र दाताको कबोल अंक रकम (मु.अ.क. बाहेक) |
|---|---|---|---|---|
| १. | 10/BHO/TRM/ROAD/SQ/079/80 | Road Construction Work from Dalkebar to Timma | Bidur Nirman Sewa Pvt. Ltd., Temkemaiyung RM, Ward No.-01 | १२,६८,८५३।३० |
| २. | 11/BHO/TRM/SQ/079/80 | Rock Garden Development and Pandhare Pokhari Conservation Work | Samkha Construction Pvt. Ltd., Temkemaiyung RM, Ward No.-09 | १२,८६,२२६।८४ |

**प्रमुख प्रशासकीय अधिकृत**

## मल खरिद प्रकरण
# सरकारी कर्मचारीले पाए सफाइ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ माघ

कृषि सामग्री कम्पनीका कर्मचारीले गुणस्तरहीन रासायनिक मल खरिद प्रकरणमा सफाइ पाएका छन् । विशेष अदालतले आयातकर्ता कम्पनी र मलको गुणस्तर परीक्षण गर्ने सर्भेयरलाई भने दोषी ठहर गरेको छ ।

कृषि सामग्री कम्पनीले कोरोना महामारी र मल अभावको समयमा चीनबाट एक अर्ब ५३ करोड रुपैयाँको रासायनिक मल खरिद गरेको थियो । आर्थिक वर्ष २०७७/७८ मा सरकारी अनुदानमा खरिद गरिएको २५ हजार मेट्रिक टन डीएपी मल प्रयोगशाला परीक्षणमा कमसल रहेपनि आपूर्तिकर्ता र गुणस्तर परीक्षण गर्ने कम्पनीसहितको मिलेमतोमा गुणस्तरीय प्रमाणित गरी किसानलाई वितरण गरिएको थियो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धानका क्रममा गुणस्तरहीन भएको पुष्टि भएपछि कृषि सामग्री कम्पनी, आपूर्तिकर्ता जोशी बिज हाउस र गुणस्तर परीक्षण गर्ने नेपाल इन्भारमेन्टल एण्ड साइन्टिफिक सर्भिस प्रालि र त्यहाँ काम गर्ने कर्मचारी विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।

विशेष अदालतका अध्यक्ष श्रीकान्त पौडेल, सदस्यहरु बलभद्र बास्तोला र खुसीप्रसाद थारुको इजलासले नेपाल इन्भारमेन्टल एण्ड साइन्टिफिक सर्भिस प्रालिका प्रबन्ध निर्देशक सलिल देवकोटा, ल्याब निर्देशक सुनिलबाबु खत्री, सिनियर सर्भेयर महेन्द्रकुमार डाँगी र प्रयोगशाला परामर्शदाता भोलानाथ चौधरीलाई भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेको हो । उनीहरुले ४ जनाले २८ करोड रुपैयाँ दामासाहीले तिर्नुपर्नेछ । यता कम्पनीका तर्फबाट गुणस्तर परीक्षणको सम्झौता गर्ने मनोज आचार्यले भने सफाइ पाएका छन् ।

विशेष अदालतले जोशी बिज हाउसका सञ्चालक विनित जोशीलाई २८ करोड रुपैयाँ जरिवानाको फैसला गरेको छ । गुणस्तर जाँचका लागि खुला प्रतिस्पर्धाबाट स्वतन्त्र अस्तित्वमा रहेको सर्भेयर कम्पनी छनोट गर्नुपर्नेमा गलत उद्देश्य राखेर विना प्रतिस्पर्धा र प्रमाणपत्रसमेत अद्यावधिक नगरेको कम्पनी छनोट गरेर गलत प्रतिवेदन बनाइएको अख्तियारले दाबी गरेको थियो । विशेष अदालतले गुणस्तरहीन मल स्वीकार गर्ने कृषि सामग्री कम्पनीका अधिकारीलाई भने सफाइ दिएको छ । कम्पनीका प्रबन्ध सञ्चालक नेत्रबहादुर भण्डारी, प्रबन्धक विष्णु पोखरेल, सहायक प्रबन्धक दुर्गाप्रसाद पाण्डे र उपप्रबन्धक पुष्करदीप बुढाले सफाइ पाएका छन् ।

## खानीखोला गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

**सल्मेचाकल, काभ्रेपलान्चोक**
**बागमती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सात (७) दिने सूचना

**सुचना प्रकाशन मिति : २०७९/११/०१**

यस खानीखोला गाउँपालिकाद्वारा प्रकाशित तपशिलको निर्माण योजनाको कार्यन्वयनका लागि २०७९/०९/२४ गते विद्युतीय बोलपत्र आह्वानको सुचना गरीएकोमा उल्लिखित म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरुको मुल्यांकन गरि तपशिल बमोजिमका निर्माण कम्पनीका बोलपत्र स्वीकृत गर्ने आशयको सात (७) दिने सूचना सार्वजनिक खरिद ऐन, २०६३ दफा २७ को उपदफा २ र उपदफा ४७ बमोजिमको प्रयोजनार्थ सम्बन्धित व्यवसायीहरुको जानकारीको लागि प्रकाशन गरिन्छ ।

| सि.नं. | योजनाको नाम | ठेक्का नं. | कम मुल्याकित सारभुत रुपमा प्रभावग्राही निर्माण कम्पनीको नाम | कवोल रकम (मु.अ.कर.र PS बाहेक) |
|---|---|---|---|---|
| १ | Tribeni Kodokhoriya Deurali Sadak Track Opening | KRM/W/05/079/80 | GDP Construction and Suppliers | 51,59,997.06 /- |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१ फागुन २०७९, सोमबार
13 February 2023, Monday

## सम्पादकीय

### अभिव्यक्तिको उपहास

एक साता अघि मात्रै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सार्वजनिक बिदा धेरै भएको भन्दै कटौती गर्नुपर्ने धारणा सार्वजनिक गरेका थिए । नेपालमा विभिन्न जातजाति, धर्म, समुदायका सांस्कृतिक, धार्मिक चाड पर्वका साथै विभिन्न अवसर र सन्दर्भमा समेत सार्वजनिक विदा दिइदै आएको छ । कतिपय अवस्थामा एकै प्रकृतिका लागि फरक फरक मितिमा पटक पटक विदा दिने गरिएको छ । फागुन ७ गते प्रजातन्त्र दिवसको विदा छ भने वैशाख ११ मा लोकतन्त्र घोषणा भएको दिनका रूपमा सार्वजनिक विदा दिइदै आएको छ । त्यस लगत्तै जेठ १५ मा गणतन्त्र दिवसको सार्वजनिक विदा दिएको सरकारले असोज ३ मा संविधान दिवसको विदा दिन्छ । सार्वजनिक विदा धेरै भएको भन्दै कटौती गर्ने प्रतिबद्धता जनाएका प्रधानमन्त्री प्रचण्डले यसपटक आफ्नै अभिव्यक्ति विपरीत आज सार्वजनिक बिदा दिएका छन्, त्यो पनि विगतमा कहिल्यै नदिइएको जनयुद्ध दिवसको बिदा । तत्कालीन माओवादीले २०५२ साल फागुन १ मा सशस्त्र विद्रोह शुरू गरेको दिनको स्मरणमा फागुन १ लाई 'जनयुद्ध दिवस' का रूपमा मनाइदै आएको छ । तर यस दिनमा सरकारले सार्वजनिक विदा नै दिएको भने पहिलोपटक हो ।

२०५२ फागुन १ गतेबाट शुरू भएको सशस्त्र युद्ध २०६३ मंसिर ५ गते विस्तृत शान्ति सम्झौतामा रूपान्तरण भएको थियो । त्यही युद्धको जगमा नेपालमा राजनीतिक परिवर्तन सम्भव भएको थियो भने गणतन्त्र, संघीय प्रणाली, समावेशी लोकतन्त्र, सामाजिक न्यायजस्ता उपलब्धि सशस्त्र युद्ध र जनआन्दोलनको बलमा नै स्थापित भएका थिए । २०६४ सालको पहिलो संविधानसभा निर्वाचन यता पटक पटक गरेर माओवादी चौथोपटक सरकारको नेतृत्वमा पुगेको छ । अहिले पनि माओवादीकै नेतृत्वको सरकार छ । तर, यसअघि जनयुद्ध दिवसको सन्दर्भमा सार्वजनिक विदा नदिएको सरकारले यसपटक भने सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।

त्यसो त सरकारको यस निर्णयको मानवअधिकारवादी संघ, संगठनहरूले आपत्ति जनाएका छन् । तर यसपटक जनयुद्ध दिवसमा विदा दिने प्रधानमन्त्री प्रचण्डको निर्णयलाई उनको राजनीतिक आत्मविश्वासको रूपमा समेत हेरिएको छ । नेकपा एमाले, रास्वपा, राष्ट्रिय प्रजातन्त्र पार्टी, जसपा,नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टीसहितको गठबन्धनका वावजुद पनि प्रधानमन्त्री प्रचण्डले नितान्त आफ्नो पार्टीसँग सम्बन्धित सन्दर्भमा सार्वजनिक विदा दिने निर्णय गरेर आत्मविश्वास प्रदर्शन गरेका छन् । पछिल्लो समय राजनीतिक रूपमा एक्लिदै गएको भनिएका प्रचण्डको यो आत्मविश्वासले नेपाली राजनीतिको आगामी दिनको दिशाबोध समेत गरेको विश्लेषण गर्न थालिएको छ ।

# कम्युनिष्ट सरकार र किसान

*आज किन किसानहरू मल, बीउ र सिँचाइको अभावमा छन् ? किन समयमै पैसा तिर्दा पनि कुनै चिज पाउँदैनन् ? यसको सिधा उत्तर छ, यो राज्य सत्ताले किसानलाई उत्पादन गर्न सघाएको छैन । एकातिर उत्पादन गर्न सघाइरहेको छैन भने अर्कोतिर किसानले उत्पादन गरेपछि बजारीकरण गर्न अवरोध गरेको छ ।*

अग्रलेख



● शम्भू पनेरू

**सडकमा किसानका पीडा**

केही दिन पहिले चितवनका किसानहरुले आफ्नो उत्पादित तरकारी सडकमा ल्याएर पोखे । किसानहरुले सडकमा तरकारी पोख्दा केही समय यातायात सञ्चालन नै अवरुद्ध बन्यो । चितवनका किसानले तरकारी पोखेर विरोध गर्दै गर्दा झापाका किसानले पनि कुखुरा र कुखुराका अण्डालाई सडकमा खसालेर विरोध जनाए । उनीहरुले त्यहाँ विभिन्न नारा र मागसहित जुलुस नै प्रदर्शन गरेका थिए । किसानहरुको दुखेसो थियो- आफुले उत्पादन गरेका वस्तुहरु बिक्री भएन, उचित मूल्य पाइएन । किसानहरुले स्वदेशी उत्पादनलाई सिध्याउने गरी बाह्य उत्पादनलाई सहज प्रवेश गराइएकोमा पनि विरोध जनाएका थिए ।

किसानहरुले आन्दोलन अहिले मात्रै गरेका होइनन्, यसअघि पनि पटक-पटक किसानहरु विभिन्न शीर्षकमा आन्दोलनमा उत्रिएका थिए । उखु किसानहरु प्रत्येक वर्ष संघीय राजधानी काठमाडौंका सडकमा प्रदर्शनमा उत्रिरहन्छन् । धेरै उखु किसानहरु चिनी मिलका मालिकबाट ठगिएका छन् । जिल्लाबाट सरकारले नसुनेपछि उखु किसानहरु काठमाडौंमा आएका हुन् ।

तर, विभिन्न शीर्षकमा किसानले आन्दोलन गर्दै आएको आएको भएपनि सत्ताले भने किसान मागलाई सुनेको छैन । विरोध तथा प्रदर्शनप्रति सत्ताले भने कुनै पनि सम्बोधन गरेको छैन । किसानका मुद्दाहरुप्रति कुनै बहस तथा छलफलको समेत सुरुवात भएको पाइँदैन । नियमित हुने यस्ता प्रदर्शन तथा आन्दोलनप्रति राज्य सत्ता जानकारबिहीन जस्तो देखिन्छ ।



तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले किसान र मजदुरका मुद्दालाई लिएर सशस्त्र आन्दोलन गरेको थियो । माओवादीको मुद्दा गरिखाने वर्ग सधैँ पीडित भएको कोणबाट थियो । भलै युद्धले धेरै विषयहरु परिवर्तन भए, तर किसानका समस्या भने ज्यूँका त्यूँ रहे । मुलुकमा गणतन्त्र घोषणा भएको पनि डेढ दशक पुग्न लागेको छ । संविधान जारी भएको पनि सात वर्ष भएको छ । तर बिडम्बना, किसान र मजदुरका एजेण्डा भने अलपत्रै छन् । आज मुलुकमा किसान आन्दोलनमै छन्, मजदुरहरु आन्दोलनमै छन् । फेरिएको सत्ताले किसान र मजदुरका आन्दोलन देख्छ तर, सम्बोधन गर्दैन ।

आज सत्ताको नेतृत्वकर्ता तत्कालीन जनयुद्धका नेतृत्वकर्ता पुष्पकमल दाहाल प्रचण्ड छन् । सत्तामा सबैभन्दा ठूलो दलको हैसियत आफूलाई वामपन्थी पार्टी बताउने नेकपा एमाले छ । कृषि मन्त्रालयको तालाचाबी पनि एमालेकै नेतृत्वमा छ । तर, यी दुई कम्युनिष्ट शक्तिले किसान र मजदुरका समस्यालाई सम्बोधन गरेका छैनन् ।

२००६ साल नेपाल कम्युनिष्ट पार्टीद्वारा प्रकाशित पहिलो पर्चामा नै नेपालका किसानहरुको 'फसल भाउ बढाउ, ज्याला भाउ बढाउ र उचित अवधिमा बालीको लडाइँ-जिन्दावाद' भनिएको थियो । त्यसपछि पार्टीको घोषणा पत्रमा समेत 'बिना मुआब्जा जमिनदारी प्रथा र सबै खालको सामन्ती शोषणको उन्मूलन र जोताहाहरुलाई जमिनको वितरण गर्नु, ग्रामीण ऋण खतम गर्नु र कृषि मजदुरलाई जीवनयोग्य ज्याला' दिनुपर्ने माग अघि सारेको थियो । तर, आज ७२ वर्षपछि पनि किसानका माग र नारा यथावत नै छन् ।

आज फेरिएको व्यवस्थामा एकातिर राज्य संरचना किसानको पक्षमा छैन भने अर्कोतिर किसानलाई लुट्ने संस्थाहरु वैधानिक शैलीमा क्रियाशील छन् । विगतमा केही जन्मिनदार र सामन्तले किसानलाई लुट्थे आज, बैंक, लघुवित्त र सहकारीको नाममा किसानहरु पीडित छन् । केही दिनअघि मात्रै एक दैनिक पत्रिकाको मुख्य समाचार थियो, 'लघुवित्तको ऋण तिर्न नसकेपछि दुई दर्जन परिवारले छाडे गाउँ ।'

> *नेपालमा कम्युनिष्टहरूको नेतृत्वमा थुप्रै पटक सरकार बने । किसानसँग सम्बन्धित कृषि र भूमिसुधारलगायतका मन्त्रालयको नेतृत्व पनि कम्युनिष्ट नेताले नै गरे । अहिले पनि कम्युनिष्टकै साझेदारीमा सरकार चलिरहेको छ । तर, किसानको समस्या भने जस्ताको तस्तै छ । तितो यथार्थ, सत्ताको नेतृत्वकर्ता दुई नेताको गृहजिल्लामा किसानहरू आफ्नो उत्पादन सडकमा पोख्न बाध्य छन् ।*

नेपालमा कम्युनिष्टहरुको नेतृत्वमा थुप्रै पटक सरकार बने । किसानसँग सम्बन्धित कृषि, भूमिसुधारलगायतका मन्त्रालयको नेतृत्व पनि कम्युनिष्ट नेताले नै गरे । अहिले पनि कम्युनिष्टकै साझेदारीमा सरकार चलिरहेको छ । तर, किसानको समस्या भने जस्ताको तस्तै छ । तितो यथार्थ, सत्ताको नेतृत्वकर्ता दुई नेताको गृहजिल्लामा किसानहरु आफ्नो उत्पादन सडकमा पोख्न बाध्य छन् ।

**निष्कर्ष**

बहुसंख्यक नेपाली जनता आज पनि कृषिमै आधारित छन् । सरकारी तथ्यांकलाई हेर्दा, ६५ प्रतिशत जनता कृषिमा आबद्ध छन् । उनीहरुको मुख्य पेशा नै कृषि छ । तर बिडम्बनाको कुरा, न उनीहरुको जीवनस्तर सुध्रिएको छ न त उत्पादन प्रणाली बदलिएको छ । आज पनि उनीहरु रैथाने शैलीमा उत्पादन गर्न बाध्य छन् । लागत पनि नउठ्ने अवस्थामा उनीहरुको कृषि उद्यम चलिरहेको छ ।

देखिएको समस्यालाई विश्लेषण गर्दा, अहिले पनि नेपाल अर्धसामन्ती र अर्धऔनिवेशिक अवस्थामै देखिन्छ । सत्तामा हुने कम्युनिष्ट नामधारीले समाजवादको नारा दिएका छन् । समाजवादी आर्थिक संरचनाको वकालत गरेका छन् । किसान र मजदुरका हितका पक्षमा ठूला-ठूला नाराबाजी पनि गरेका छन् । तर, राज्य व्यवस्थाको स्वरुप समाजवाद उन्मुख छैन । समाजवाद उन्मुख व्यवस्थामा किसानहरु दुध, तरकारी, फलफुल सडकमा पोखेर रुने अवस्था हुँदैन ।

मुलुकको वर्तमान राज्य व्यवस्था नै सामन्ती, दलाल र नोकरशाही बुर्जुवा प्रकारको छ । त्यसैले यहाँ विदेशीलाई पोस्ने र देशका किसानलाई चुस्ने काम भइरहेको छ । आज किसानहरु मरिरहेका छन्, उद्यमी विकल्पको खोजीमा छ । ठूला हुन् या साना उद्यमीहरुको बिल्लीबाठ भएको छ । इलामका प्रेमप्रसाद आचार्यको आत्मदाह एक उदाहरण मात्रै हो । देशभित्र दिनहूँ विभिन्न शैलीमा जीवनलिला सकाउने किसान तथा उद्यमी धेरै छन् ।

आज एकातिर स्वेदशमा कृषि उत्पादन कमी हुँदै गएको छ भने अर्कोतिर स्वेदशी उत्पादनले बजार पाउने अवस्था छैन । कारण सस्तो र कमसलको उत्पादन बाहिरबाट ल्याउन बिचौलिया, कालोबजारिया, माफिया र दलालहरुको बिगबिगी छ । आज किन किसानहरु मल, बीउ र सिँचाइको अभावमा छन् ? किन समयमै पैसा तिर्दा पनि कुनै चिज पाउँदैनन् ? यसको सिधा उत्तर छ, यो राज्य सत्ताले किसानलाई उत्पादन गर्न सघाएको छैन । एकातिर उत्पादन गर्न सघाइरहेको छैन भने अर्कोतिर किसानले उत्पादन गरेपछि बजारीकरण गर्न अवरोध गरेको छ । किसानले मेहनेत गरेर उत्पादन गरेको वस्तुलाई विस्थापित गराउन बाह्य बजारबाट कमसल वस्तुहरु आयात हुन दिइएको छ । स्वेदशी किसानलाई प्रोत्साहन होइन, हतोत्साहित पार्न यहीँ उत्पादन हुने वस्तुहरुलाई निर्वाध आउन दिइएको छ । यसले प्रष्ट पार्छ, मुलुकको नेतृत्व किसानको पक्षमा छैन ।

किसानले अवस्थाको परिवर्तनको निम्ति आन्दोलन गर्नैपर्छ । किसानको आन्दोलन राज्यव्यवस्था लक्षित नै हुनुपर्छ । यदि यही प्रकृतिको शोषण गर्ने राज्यव्यवस्था कायमै रह्यो भने किसानहरु सधैं विकल्पबिहिन बन्दै आत्महत्याको बाटो रोज्नुपर्छ ।

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

राजतन्त्रको अर्थ-राज्य प्रमुखमा कुनै वंश वा परिवारको प्रिभिलेज हुनु, उ नागरिकभन्दा भिन्न र उच्च छ भन्ने स्वीकार गर्नु । गणतन्त्रको अर्थ-राज्य प्रमुख नागरिकबाटै चुनिएको, नागरिक सरह र बराबर हुनु हो । गणतन्त्रको राष्ट्रपतिलाई राजतन्त्रको महाराजजस्तो बनायौं भने गणतन्त्र बदनाम हुन्छ ।



**- राधाकृष्ण कटवाल**

राष्ट्रिय परिचयपत्र बन्न एक वर्ष लाग्ने तर, राष्ट्रिय परिचयपत्र नभई ई-पासपोर्ट नबन्ने यो कस्तो नियम हो सरकार ? व्यक्ति एक, परिचयपत्र अनेक बोक्नुपर्ने कारण के हो सरकार ? नागरिता, राष्ट्रिय परिचयपत्र, मतदाता पत्र, लाइसेन्स, बिलबुक र पासपोर्ट गरी सबै लिन आधा जीवन यतै बित्ने रहेछ सरकार !



**- आनन्दराज बतास**

